आज मिति २०७५/११/२५ गते शनिवारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राई ज्यूको अध्यक्षतामा माईजोगमाई गाउँकार्यपालिकाको ५२ औं बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरि निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री जीत बहादुर राई | माईजोगमाई गा.पा. | अध्यक्ष |
| श्री सावित्रा भट्टराई | माईजोगमाई गा.पा. | उपाध्यक्ष |
| श्री याम कुमार कार्की | | १ नं. वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुबेदी | | २ नं. वडा अध्यक्ष |
| श्री याम प्रसाद लामा | | ३ नं. वडा अध्यक्ष |
| श्री गणेश राई | | ४ नं. वडा अध्यक्ष |
| श्री दाताराम सञ्जेल | | ५ नं. वडा अध्यक्ष |
| श्री भवानी प्रसाद लिङ्दम | | ६ न वडा अध्यक्ष |
| श्री कविता राई | | सदस्य |
| श्री मीरा देवि खवास | | सदस्य |
| श्री सोम कुमारी साउदेन | | सदस्य |
| श्री मन कुमारी लिम्बु (आङभाङ) | | सदस्य |
| श्री वीर बहादुर देवान | | सदस्य |
| श्री याम बहादुर विश्वकर्मा | | सदस्य |
| श्री चन्द्र प्रकाश बस्नेत | | सदस्य सचिव |

**अन्य उपस्थिति**

श्री कमल प्रसाद गौडेल    का.से.

प्रस्तावहरु

१. लक्षित समुहको कार्यक्रम सम्झौता गर्ने सम्बन्धमा ।

२. गाउँपालिकाको पञ्चवर्षिय योजना र गाउँ प्रोफाइल प्रकाशन सम्बन्धमा ।

३. खानेपानी पाइप खरिद गरी वितरण गर्ने सम्बन्धमा ।

४. राहत रकम वितरण सम्बन्धमा ।

५. निशुल्क स्वस्थ्य शिविर संचालन सम्बन्धमा ।

निर्णय

१. माइजोगमाइ गाउँपालिकाको आ.ब. ०७५/०७६ को गाउँसभावाट लक्षित समुहको लागी गाउँपालिका स्तर र वडा स्तरमा विनियोजन भएको वजेट तथा कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिका भित्रका लक्षित समुहका सम्बन्धित समितिहरुले चैत्र १५ गते भित्र कार्यक्रमको प्रस्ताव पेश गर्न जानकारी गराउने साथै उक्त समय भित्र प्रस्ताव पेश नभएमा गाउँकार्यपालिकाले निर्णय गरी आवश्यक कार्यक्रम सचालन गर्ने निर्णय गरीयो ।

२. माइजोगमाइ गाउँपालिकाको पञ्चवर्षिय योजना तथा गाउँप्रोफाइलमा विभिन्न समयमा भएका छलफल र अन्तरक्रियाबाट आएका आवश्यक सुझावहरुलाइ समेटेर पुस्तक प्रकाशनको अन्तिम तयारी भइसकेको हुनाले आगामी कार्यपालिका बैठकमा अन्तिम छलफल गरी आवश्यक विशिष्ट व्यक्तित्वहरुको शुभकामना मन्तव्य राखी पुस्तक प्रकाशन गर्ने निर्णय गरियो ।

३. माइजोगमाइ गाउँपालिकाको हिउँदे गाउँसभा २०७५ ले विनियोजन गरेको बजेट तथा कार्यक्रमको अधिनमा रही गाउँपालिकाको क्षेत्रभित्रका विभिन्न व्यक्ति तथा समुहहरुलाइ खानेपानीको पाइप वितरण गर्न खरिद गर्ने निर्णय गरियो ।

४. माइजोगमाइ गाउँपालिकाको स्थायी बसोवास भएको तपशिलका व्यक्ति तथा परिवारलाइ निम्न बमोजिमको राहत रकम उपलब्ध गराउने निर्णय गरीयो ।

| क्र. सं. | पिडित परिवारको मुलिको नाम थर | ठेगाना | प्रकोपबाट क्षतिको प्रकृति | राहत रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | बल बहादुर थेवे | माइजोगमाइ-६ प्याङ | असिना बाट टिनको छानामा गम्भिर क्षति | ३० हजार | प्रहरी मुचुल्का र वडा सिफारीस संलग्न । |

५. प्रदेश नं. १ सामाजिक विकास मन्त्रालय स्वास्थ्य निर्देशनालय धनकुटाको आयोजना र माइजोगमाइ गाउँपालिकाको सहआयोजनामा मिति ०७५/११/२८ र २९ गते हुन गइरहेको निशुल्क होमियोप्याथिक स्वास्थ्य परिक्षण र उपचार शिविर कार्यक्रममा सामाजिक विकास मन्त्रालय स्वास्थ्य सेवा महाशाखा, स्वास्थ्य निर्देशनालय धनकुटाका प्रतिनिधि, चिकित्सक र स्वास्थ्य सहायकहरुको प्रविधिक टोलि तथा अन्य अतिथिहरुलाइ कार्यक्रम अवधिभर २ दिन गाउँपालिकाको तर्फबाट आवास र खाना खाजाको प्रवन्ध गरी खर्च व्यहोर्ने निर्णय गरियो ।